राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३१५ २०८३ जेठ ३१ गते आईतवार (14 June 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## महन्थ नियुक्तिमा जग्गा लेनदेनको आरोप

दैनिक समाचारदाता
जनकपुरधाम, ३० जेठ। जनकपुरधाम उपमहानगरपालिका-७ स्थित सालीग्राम भगवान हनुमानजी रामजानकी कुम्हार कुट्टीका महन्थ लक्ष्मण दासले जानकी मन्दिरका महन्थ रामरोशन दास र तत्कालीन वडाध्यक्ष जानकीराम साहमाथि जग्गा विवादका कारण आफूलाई महन्थ पदबाट वञ्चित गरिएको आरोप लगाएका छन्।




शनिबार जनकपुरधाममा पत्रकार सम्मेलन गर्दै महन्थ दासले कुट्टीअन्तर्गत रहेको जग्गा आफूले मागअनुसार नदिएपछि आफ्नो दाजु विनोद दासलाई महन्थ घोषणा गराइएको दाबी गरेका छन्।

उनका अनुसार उनका पिता अघनु दासको नाममा कुट्टीअन्तर्गत करिब अढाई बिघा जग्गाको कागजात रहेको छ। सोही जग्गामध्ये डेढ कट्ठा जग्गा जानकी मन्दिरका महन्थ रामरोशन दासले मागेको तर निजी स्वामित्वको जग्गा भएकाले आफूले दिन अस्वीकार गरेको उनले बताए।

“मेरो बुवाको नाममा रहेको जग्गामध्ये डेढ कट्ठा जग्गा दिन आग्रह गरिएको थियो। निजी जग्गा भएकाले मैले अस्वीकार गरेँ। त्यसपछि मेरो दाजु विनोद दासलाई अगाडि सारेर महन्थ बनाउने प्रक्रिया अघि बढाइयो,” दासले दाबी गरे।

उनले २०७८ जेठ २२ गते पिता अघनु दासको निधन भएपछि साधुसन्तको परम्पराअनुसार अन्त्येष्टि गरिएको र त्यसबेला आफू नै कुट्टीको पुजारी रहेकाले आफूलाई महन्थका रूपमा स्वीकार गरिएको बताए। उनका अनुसार निधनको करिब एक महिनापछि महन्थ रामरोशन दासले दोसल्ला र पाग लगाएर आफूलाई महन्थ घोषणा गरे पनि त्यससम्बन्धी

बाँकी पृष्ठ ३मा

### महिला शंकास्पद मृत्यु प्रकरण

## बर्दिबास तनावग्रस्त, अश्रुग्यास प्रहार

दैनिक समाचारदाता
जनकपुरधाम, ३० जेठ। महोत्तरीको बर्दिबास नगरपालिका(१२ विजलपुरास्थित डाँडाटोलमा एक विवाहित महिलाको शङ्कास्पद मृत्युको घटनापछि उत्पन्न तनाव नियन्त्रण गर्न प्रहरीले अश्रुग्यास प्रहार गरेको छ।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार शनिबार बिहान अवस्था थप तनावपूर्ण बनेपछि करिब १० बजे प्रहरीले तीन सेल अश्रुग्यास प्रहार गरेको बताइएको छ।

उनले घटनास्थलमा तोडफोड तथा अराजक गतिविधि बढेपछि अश्रुग्यास प्रयोग गर्नुपरेको बताए। “विजलपुराको अवस्था तुलनात्मक रूपमा सामान्य छ। घटनास्थलमा सुरक्षा व्यवस्था कडा पारिएको छ,” उनले भने।

भीड बढ्दै गएपछि प्रहरीलाई घटनास्थलको मुचुल्का गर्नसमेत कठिनाइ भइरहेको बताइएको छ।

शुक्रबार राति डाँडाटोल निवासी शशी सिंहकी २५ वर्षीया श्रीमती रिङ्कुकुमारी सिंह



आफ्नै घरको सुत्ने कोठामा सिलिङ फ्यानमा सलको पासो लगाएको अवस्थामा मृत फेला परेकी थिइन्। घटनापछि माइती पक्षले हत्या भएको आरोप लगाउँदै विरोध प्रदर्शन थालेको हो।

माइती पक्षले रिङ्कुकुमारीका श्रीमान्, सासु र ससुराले कर्तव्य गरी हत्या गरेको आरोप लगाएका छन्। मृतकको एक काखे छोरी रहेको बताइएको छ।

घटनाको जानकारी पाएपछि गौशाला नगरपालिका(११ कान्तिबजारबाट पुगेका माइती पक्षका आफन्तले दोषीलाई पक्राउ गर्न माग गर्दै प्रदर्शन गरेका थिए। स्थानीयसमेत आन्दोलनमा उत्रिएपछि स्थिति थप तनावग्रस्त बनेको थियो।

आक्रोशित भीडले ससुरा रामबाबु सिंहको प्र.०४(००१ च.०३१० नम्बरको कार, एक स्कुटरमा तोडफोड गर्नुका साथै आगजनी प्रयास गरेको र घरमा ढुङ्गामुढा गरेको प्रहरीले जनाएको छ।स्थिति नियन्त्रणमा लिन खटिएका सुरक्षाकर्मीमाथि समेत ढुङ्गामुढा हुँदा केही प्रहरी तथा सशस्त्र प्रहरी सामान्य घाइते भएका छन्।

इलाका प्रहरी कार्यालय बर्दिबासका डिएसपी गुरुप्रसाद तिम्सिनाका अनुसार मृतकका श्रीमान् शशी सिंहलाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाइएको छ।

बाँकी पृष्ठ ३मा

## ललिता दास विद्रोहीलाई समाजसेवा पुरस्कार

दैनिक समाचारदाता
जनकपुरधाम, ३० जेठ। मानव अधिकार तथा शान्ति समाजले मधेश प्रदेशसभा सदस्य ललिता दास विद्रोहीलाई ‘कर्मयोगी बद्रीप्रसाद पहाडी समाजसेवा पुरस्कार-२०८३’ प्रदान गरी सम्मान गरेको छ।
सामाजिक न्याय, मानव अधिकार तथा समावेशी समाज निर्माणमा पुर्‍याएको उल्लेखनीय योगदानको कदर गर्दै विद्रोहीलाई उक्त पुरस्कार प्रदान गरिएको समाजले जनाएको छ। पुरस्कारसँगै १ लाख १० हजार रुपैयाँ नगद राशिसमेत प्रदान गरिएको छ।
लामो समयदेखि दलित, महिला तथा सीमान्तकृत समुदायको हकअधिकारका लागि सक्रिय रहँदै आएकी विद्रोही सामाजिक विभेद, जातीय भेदभाव तथा महिला अधिकारसम्बन्धी विभिन्न अभियान र आन्दोलनमा निरन्तर सहभागी हुँदै आएकी छन्। समाजले उनको यही योगदानको मूल्याङ्कन गर्दै सम्मान गरेको हो।




पुरस्कारका नामदाता समाजसेवी बद्रीप्रसाद पहाडी शिक्षा, समाजसेवा तथा सामाजिक जागरणका क्षेत्रमा पुर्‍याएको योगदानका लागि परिचित व्यक्तित्व हुन्। सिरहामा विसं १९९९ चैत १ गते जन्मिएका पहाडीले मानव अधिकार तथा शान्ति समाजको केन्द्रीय कार्यालय भवन निर्माणका लागि १ करोड रुपैयाँ आर्थिक सहयोग प्रदान गरेका थिए।मानव अधिकार तथा शान्ति समाजले हरेक वर्ष सामाजिक रूपान्तरण, मानव अधिकार संरक्षण तथा समावेशी समाज निर्माणमा महत्वपूर्ण योगदान पुर्‍याउने व्यक्तित्वलाई सम्मान गर्दै आएको छ। समाजका अनुसार विद्रोहीलाई प्रदान गरिएको यस वर्षको सम्मानले सामाजिक न्याय र मानव अधिकारको क्षेत्रमा उनको निरन्तर सक्रियता तथा योगदानलाई थप उजागर गरेको छ।

## ट्रान्सफर्मर चोरी आशङ्कामा भारतीय कार नियन्त्रणमा





दैनिक समाचारदाता
जनकपुरधाम, ३० जेठ। धनुषाको धनुषाधाम नगरपालिका-५ स्थित नौ सय बिघा क्षेत्रमा विद्युतीय ट्रान्सफर्मर चोरीको प्रयास भएको आशङ्कामा प्रहरीले भारतीय नम्बर प्लेटको एक कार नियन्त्रणमा लिएको छ।


इलाका प्रहरी कार्यालय उमाप्रेमपुरका इन्चार्ज प्रहरी निरीक्षक अजयकुमार झाका अनुसार शुक्रबार राति करिब १

बाँकी पृष्ठ ३मा

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# दलित सशक्तीकरणका लागि बजेट प्रतिबद्धताबाट कार्यान्वयनतर्फ

मधेश प्रदेश सरकारले आगामी बजेट दलित समुदायको सशक्तीकरण, सामाजिक न्याय र आर्थिक रूपान्तरणलाई केन्द्रमा राखेर ल्याइने घोषणा गरेका छन् । यो घोषणा केवल एउटा राजनीतिक अभिव्यक्ति मात्र होइन, मधेश प्रदेशमा लामो समयदेखि पछाडि पारिएका दलित समुदायका लागि आशा र अपेक्षाको विषय पनि हो। तर विगतका अनुभवले देखाएको छ कि घोषणा र वास्तविक कार्यान्वयनबीच ठूलो दूरी रहँदै आएको छ । त्यसैले अहिलेको मुख्य प्रश्न बजेटमा के लेखिन्छ भन्ने होइन, त्यसको प्रभावकारी कार्यान्वयन कसरी हुन्छ भन्ने हो।

मधेश प्रदेशमा दलित समुदायको जनसंख्या करिब १८ प्रतिशत रहेको तथ्याङ्कले देखाउँछ । तर आर्थिक वर्ष २०८१/८२ मा प्रदेश बजेटको केवल ०.७९ प्रतिशत रकम मात्र दलित समुदाय लक्षित कार्यक्रममा विनियोजन गरिएको थियो । यो तथ्य आफैंमा राज्यको प्राथमिकता र सामाजिक न्यायप्रतिको दृष्टिकोणको सूचक हो। जनसंख्याको अनुपातमा अवसर, स्रोत र विकासका कार्यक्रम नपुग्दा दलित समुदाय अझै पनि शिक्षा, स्वास्थ्य, रोजगारी र आर्थिक अवसरबाट वञ्चित रहन बाध्य छ।

प्रदेश सरकारले दलित सशक्तीकरण ऐन निर्माण गरिसकेको छ। कानुन निर्माण हुनु सकारात्मक उपलब्धि हो, तर कानुन आफैंमा परिवर्तनको ग्यारेन्टी होइन। जबसम्म त्यसलाई कार्यान्वयन गर्न आवश्यक बजेट, जनशक्ति र राजनीतिक इच्छाशक्ति उपलब्ध हुँदैन, तबसम्म ऐन कागजमै सीमित रहन्छ। अन्तरक्रियामा सहभागीहरूले पनि यही चिन्ता व्यक्त गरेका छन्। ऐन बनेपछि पनि दलित समुदायको जीवनमा अपेक्षित परिवर्तन नआउनुको कारण कार्यान्वयन पक्ष कमजोर रहनु हो। विशेष गरी सीपमूलक तालिम, स्वरोजगार कार्यक्रम र सहुलियतपूर्ण ऋणको व्यवस्था गरिने भनाइले आर्थिक सशक्तीकरणको दिशामा सकारात्मक संकेत छ । तर यस्ता कार्यक्रमहरू विगतमा पनि घोषणा भएका थिए । धेरै कार्यक्रम पहुँचवालाको हातमा सीमित हुने, वास्तविक लाभग्राहीसम्म नपुग्ने तथा अनुगमनको अभावमा प्रभावहीन बन्ने गरेका उदाहरण प्रशस्त छन् । त्यसैले पारदर्शिता, उत्तरदायित्व र प्रभावकारी अनुगमनलाई समान प्राथमिकता दिनुपर्छ।

दलित समुदायको आफ्नै लोकसेवा तयारी तथा शैक्षिक गतिविधिका लागि भवन निर्माण गर्न बजेट विनियोजन हुनु अर्को सकारात्मक कदम हो । शिक्षा र सार्वजनिक सेवामा प्रतिनिधित्व बढाउन यस्ता पूर्वाधार उपयोगी हुन सक्छन् । तर भवन निर्माण मात्र पर्याप्त हुँदैन। त्यससँगै छात्रवृत्ति, प्रशिक्षण, अध्ययन सामग्री र प्रतिस्पर्धी क्षमताको विकासका कार्यक्रम पनि आवश्यक हुन्छन्। अन्यथा भवनहरू केवल संरचनामा सीमित हुने खतरा रहन्छ ।

मधेश प्रदेशमा जातीय विभेद, सामाजिक बहिष्करण र आर्थिक असमानता अझै पनि गम्भीर चुनौतीका रूपमा विद्यमान छन्। दलित महिला र बालबालिकाले दोहोरो तथा तेहोरो विभेदको सामना गरिरहेका छन्। त्यसैले बजेटले केवल आर्थिक पक्ष मात्र होइन, सामाजिक न्याय, सम्मान र समान अवसर सुनिश्चित गर्ने दृष्टिकोण पनि अपनाउनुपर्छ। समावेशी विकासको अर्थ सबै समुदायलाई विकासको मूलधारमा ल्याउनु हो।

अन्ततः, आगामी बजेट दलित समुदायप्रति प्रदेश सरकारको वास्तविक प्रतिबद्धताको परीक्षा हुनेछ। बजेटमा रकम बढाउनु मात्र पर्याप्त हुँदैन, त्यसको प्रभावकारी उपयोग, पारदर्शी कार्यान्वयन र नतिजामुखी मूल्याङ्कन आवश्यक हुन्छ। यदि दलित सशक्तीकरण ऐनलाई व्यवहारमा उतार्न सकियो भने मधेश प्रदेश सामाजिक न्यायको उदाहरण बन्न सक्छ। तर यदि यो पनि विगतका घोषणाजस्तै कागजमा सीमित रह्यो भने दलित समुदायको भरोसा फेरि एकपटक टुट्नेछ।

अब समय घोषणा गर्ने होइन, परिणाम देखाउने हो। दलित सशक्तीकरणको मुद्दा राजनीतिक नाराभन्दा माथि उठेर राज्यको वास्तविक प्राथमिकता बन्नुपर्छ। त्यसबाट मात्र समावेशी, न्यायपूर्ण र समतामूलक मधेश निर्माणको सपना साकार हुन सक्छ।

# बजेट : भाषणमा महिलामैत्री, कार्यान्वयनमा विभेद



डा.डिला सङग्रोला

नेपालमा चाँडो र व्यावहारिक परिवर्तन भएको क्षेत्र भनेको महिला अधिकारको हो। यसमा दुईमत छैन। गणतन्त्रको सबैभन्दा ठूलो र प्रत्यक्ष उपहार नेपाली महिलाका लागि प्राप्त संवैधानिक र कानूनी ग्यारेन्टी नै हो।

यद्यपि, सीमान्तकृत, पिछडिएको वर्गदेखि ओझेलमा पारिएका भनिएका समुदायको अवस्था सोचे अनुरूप परिवर्तन भइसकेको छैन। नेपालको संविधान २०७२ ले महिला अधिकारलाई धारा ३८ अन्तर्गत मौलिक हककै रूपमा स्थापित गरेको र अधिकारकर्मीहरूले पनि सशक्त आवाज उठाएकाले महिला अधिकारको क्षेत्र जुरुक्कै माथि उठेको कुरालाई नकार्न सकिदैन।

नेपालको संविधानले राज्यका हरेक निकायमा महिलाहरूको कम्तीमा ३३ प्रतिशत सहभागिता अनिवार्य मात्र गरेको छैन, इतिहासमै पहिलो पटक वंशजको अधिकार र प्रजनन स्वास्थ्यको अधिकारलाई पूर्णरूपमा सुरक्षित गरिदिएको छ। महिला अधिकारका क्षेत्रमा देखिएको अभूतपूर्व परिवर्तनलाई सामान्य मान्नुहुँदैन ।

महिला अधिकारको क्षेत्रमा कानूनी रूपमा नेपालले ऐतिहासिक फड्को मारेको छ। नयाँ मुलुकी देवानी र फौजदारी संहितामा 'सम्पत्तिमा छोरा र छोरी बीचको भेदभाव' पूर्णरूपमा अन्त्य गर्नुका साथै जबर्जस्ती करणी, घरेलु हिंसा, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार नियन्त्रण गर्न कडा कानूनी प्रावधान रहेका छन्।

विगतमा सामाजिक रूपमा दबाइएका विषयहरू आज कानूनी रूपमै हक र न्यायका मुद्दा बनेका छन्। विगत डेढ दशकभन्दा लामो गणतान्त्रिक अभ्यासलाई फर्केर हेर्दा नेपाली महिलाहरूले हासिल गरेका उपलब्धिहरू गौरवपूर्ण र रूपान्तरणकारी छन्।

गणतान्त्रिक व्यवस्थाले वास्तवमा महिलाहरूको अवस्थामा ठूलो परिवर्तन ल्याइदिएको छ। यो काम वास्तवमा नेपाली काङ्ग्रेस, एमाले लगायत परिवर्तनकारी दलहरूको नेतृत्वमा सम्भव भएको हो। हाल सरकारको नेतृत्व गरिरहेको दल यो संविधान निर्माणको बेला जन्मिएकै थिएन।

अधिकारका कुराहरू स्थापित गर्ने सवालमा नेपाल नमूना देशमा गणना हुन्छ भन्दा अप्ठ्यारो मान्नुपर्दैन। तर, महिलाहरूको जीवनस्तर वा आर्थिक अवस्था सुधार गर्नुपर्ने सन्दर्भमा भने अझै थुप्रै काम गर्न बाँकी छन्।

राजनीतिक अधिकार दिगो हुनका लागि आर्थिक र सामाजिक सशक्तीकरण अनिवार्य शर्त हो। आर्थिक सशक्तीकरणका सन्दर्भमा गणतान्त्रिक नेपालमा आएका बजेट वक्तव्यहरू महिलामैत्री हुन सकिरहेका छैनन्।

महिलाको नाममा जग्गा वा घर पास गर्दा मालपोत करमा दिइने विशेष छुट, महिला उद्यमशीलता विकास कोष र विना धितो सहुलियतपूर्ण ऋण जस्ता पुराना कार्यक्रमहरू तारिफयोग्य भए पनि वर्षेनि आउने आर्थिक वर्षका बजेट अझै महिलामैत्री वा प्रगतिशील बन्न सकिरहेका छैनन्।

सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट मार्फत महिला उद्यमशीलता, सुरक्षित सार्वजनिक यातायात, स्वास्थ्य सेवा र मातृ सुरक्षालाई प्राथमिकतामा राख्दै विभिन्न कार्यक्रम घोषणा गरेको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले महिलाको आर्थिक सशक्तीकरणदेखि स्वास्थ्य सुरक्षासम्म केन्द्रित योजनाहरू अघि सारेका छन्।

विशेष आर्थिक क्षेत्रमा महिला उद्यमीलाई प्राथमिकता दिने, महिला उद्यमीलाई कर्जा प्रवाहमा थप सहुलियत प्रदान गर्ने साथै स्थानीय तहमा महिला उद्यमशीलता विकासका लागि जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्ने कुरालाई सकारात्मक मान्न सकिन्छ।

त्यस्तै, महिलाको सुरक्षित आवागमन सुनिश्चित गर्न सीसीटीभी सहितको आधुनिक 'ब्लु बस' सेवा सञ्चालन गर्नेदेखि नर्सिङ कर्मचारीको रात्रि ड्युटी भत्ता दोब्बर बनाउने कुरा, महिला स्वास्थ्य स्वयंसेविकालाई दिइँदै आएको यातायात खर्चमा पनि ५० प्रतिशत वृद्धि गरिएको प्रसङ्ग सकारात्मक छन् भन्न हामीले कन्जुस्याइँ गर्नुहुँदैन।

मातृ तथा शिशु मृत्युदर न्यूनीकरणदेखि महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायलक्षित कुल २ अर्ब २७ करोड रुपैयाँ विनियोजन गरिएको कुरालाई सम्मान गर्नैपर्छ। तर, यतिमा मात्र चित्त बुझाउने अवस्था छैन। त्यस्तै महिलामैत्री बजेट कार्यान्वयनको पाटोलाई गम्भीर रूपमा विश्लेषण गर्नुपर्ने देखिन्छ।

आर्थिक वर्षको बजेट विनियोजन, खर्चको प्रवृत्ति तथा लैङ्गिक उत्तरदायी बजेट अभ्यासको अवस्था हेर्दा ठूलो खाडल देख्न सकिन्छ। महिलामैत्री तथा महिलालक्षित बजेट विनियोजन र खर्चको प्रभावकारितालाई हेर्ने हो भने सन्तुष्ट हुने ठाउँ छैन।

स्थानीय वा प्रदेश तहमा लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी विद्यमान निर्देशिकाहरू सङ्घीय संरचना अनुसार परिमार्जन नहुँदा त्यसको असर तल्लो तहका महिलाहरूमाथि परिरहेको छ। त्यसैले समावेशी विकास, सामाजिक न्याय, लैङ्गिक समानता तथा दिगो विकास लक्ष्य हासिल गर्न लैङ्गिक उत्तरदायी बजेट प्रणालीको प्रभावकारी कार्यान्वयन अपरिहार्य भइसकेको छ।

वास्तवमा गणतन्त्र स्थापना भएपछिको अवधिमा नेपालले लैङ्गिक समानता र महिला सशक्तीकरणको क्षेत्रमा हासिल गरेको उपलब्धि विश्वकै लागि उदाहरणीय रहे पनि सङ्घीय कानून सबै तहमा समान रूपले कार्यान्वयनमा नआउँदा बजेट कार्यान्वयनको पाटो सन्तोषजनक छैन।

बजेट निर्माण, कार्यान्वयन र मूल्याङ्कनको सबै चरणमा महिलाको अवस्था र आवश्यकता बुझ्ने परम्परा नहुँदा विभेद अन्त्य नभएको भान हुने गर्छ। वास्तवमा शिक्षित महिलाले पनि राज्यको बजेटमा आफ्नो प्रतिनिधित्व भएको महसुस गर्न सकिरहेका छैनन्।

सबल र सक्षम महिलाहरू पनि निर्णय गर्ने तहमा कमजोर हुँदा बजेटको अनुभूति गर्न नसक्नु दुर्भाग्यपूर्ण छ। आयआर्जन वा आफ्नो पेशामा सफल भएका महिलाहरू पनि परम्परागत सोच र संस्कारका कारण आफ्नै घरभित्र, कार्यालय र (अ)सामाजिक सञ्जालमा प्रताडित बनिरहनुपरेको छ। त्यसैले शिक्षित महिलाहरूलाई आर्थिक निर्णयमा अधिकारसम्पन्न बनाउने नीति अवलम्बन गर्नु अत्यन्तै आवश्यक छ।

***संरचनात्मक गरिबी र विभेद***

नेपालमा महिलाहरूले पितृसत्तात्मक मान्यता, संरचनात्मक गरिबी र विभेदपूर्ण नागरिकता सम्बन्धी कानूनका कारण एकअर्कासँग जोडिएका विभिन्न चुनौतीको सामना गरिरहेका छन्।

यहाँ मुख्य समस्याका रूपमा सीमित सम्पत्ति अधिकार, व्यापक लैङ्गिक हिंसा, समाजमा जरो गाडेर बसेका हानिकारक सांस्कृतिक प्रथाहरू र आर्थिक सीमान्तकरण रहेका छन्।

विशेषगरी महिला तथा बालिकाहरू घरेलु हिंसा, जबर्जस्ती करणी र दाइजो प्रथा जस्ता हानिकारक अभ्यासहरूको उच्च जोखिममा छन्। कानूनी प्रतिबन्धका बाबजुद दुर्गम क्षेत्रहरूमा छाउपडी जस्ता प्रथा अझै जारी रहँदा महिलाहरू गम्भीर शारीरिक खतरा र सामाजिक बहिष्करण भोग्न बाध्य छन्।

यसका साथै नेपालको संविधानमा रहेका विभेदपूर्ण प्रावधानहरूले महिलाहरूलाई पुरुषको तुलनामा आफ्ना सन्तानलाई स्वतन्त्र रूपमा नागरिकता प्रदान गर्न कठिन बनाएका छन्। जसले गर्दा एकल आमा र उनीहरूका सन्तान शिक्षा र कानूनी अधिकारका सवालमा गम्भीर मारमा परेका छन्।

आर्थिक क्षेत्रमा पनि महिलाहरूसँग प्रायः सम्पत्ति, अंशबन्डा र बैङ्क ऋणमा पहुँचको अभाव देखिन्छ। आर्थिक स्रोत र सम्पत्तिमा अझै पनि धेरैजसो पुरुष सदस्यहरूको नियन्त्रण रहने भएकाले महिलाहरू परनिर्भरताको दुष्चक्रमा फस्न बाध्य छन्।

यस्तो गहिरो पितृसत्तात्मक सोचकै कारण विशेषगरी ग्रामीण र कृषि क्षेत्रमा बालविवाह, हिंडडुलमा प्रतिबन्ध र औपचारिक शिक्षा तथा रोजगारीका अवसरहरूबाट वञ्चित हुनुपर्ने अवस्था कायमै छ।

यी कानूनी व्यवस्थाहरू र व्यावहारिक कार्यान्वयन बीचको खाडललाई प्रभावकारी रूपमा कम गर्न ठोस उपायहरू अपनाउन बजेट असफल देखिन्छ।

अहिले गर्नुपर्ने काम– पहिलो कदमका रूपमा लैङ्गिक हिंसा र छाउपडी विरुद्धको फौजदारी संहिता लगायत महिला अधिकारको रक्षा गर्ने विद्यमान कानूनहरूको कार्यान्वयनलाई सुदृढ गरिनुपर्छ। जसका लागि स्थानीय अनुगमन निकायहरू गठन गरी कानूनी उल्लङ्घन गर्नेहरूलाई सजायको दायरामा ल्याउनुपर्छ।

दोस्रो, आमाले आफ्ना सन्तानलाई बुबाको सहमति विना नै नागरिकता प्रदान गर्न सक्ने गरी पूर्ण र स्वतन्त्र नागरिकताको अधिकार सुनिश्चित गर्न संविधान संशोधन गरिनु आवश्यक छ।

तेस्रो, महिलाको आर्थिक सशक्तीकरणका लागि जग्गाको अधिकार वृद्धि गर्ने तथा कर्जा एवं कृषि स्रोतहरूमा स्वतन्त्र पहुँच सहज बनाउने लक्षित कार्यक्रमहरू लागू गरिनुपर्छ।

साथै, सामाजिक सुरक्षा भत्ता र सुविधाहरू पुरुष आफन्तको सट्टा सिधै महिला लाभार्थीको हातमा पुग्ने व्यवस्था गरिनुपर्छ। यसबाहेक, पितृसत्तात्मक प्रथाहरूबाट उत्पन्न खतराहरू विरुद्ध व्यापक जनचेतना जगाउँदै तल्लो स्तरदेखि नै यस्ता मान्यताहरूलाई चिर्नका लागि विद्यालयको पाठ्यक्रममा लैङ्गिक समानता सम्बन्धी शिक्षा समावेश गर्नु आवश्यक छ।

अन्त्यमा, नेपालले स्थानीय सरकारमा लैङ्गिक कोटा लागू गरेको भए तापनि सुशासनमा समावेशितालाई अझ सुदृढ बनाउँदै बहुआयामिक विभेद भोगिरहेका दलित र विस्थापित महिला जस्ता अत्यधिक सीमान्तकृत समूहलाई विशेष सहयोग पुग्ने गरी नीतिहरू अगाडि बढाउनुपर्दछ।

संविधानले निर्दिष्ट गरेको अधिकारलाई पालना गरिए तापनि बजेटको सन्दर्भमा महिलालाई कमजोर बनाउने परम्परा जीवितै रहेकाले गणतन्त्र स्थापनापछिका हरेक बजेटहरू निष्प्रभावकारी बनिरहेका छन्।

सम्पत्ति, शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक सुरक्षा लगायत सबै क्षेत्रमा समान हक दिइएको छ। तर, बजेट मार्फत त्यो अधिकारलाई व्यवहारमा उतार्न नसकेकै कारण महिलाहरूको अवस्था अझै न्यून नै छ।

त्यसैले महिलाको हकमा गरिएको लगानीलाई प्रतिफलयुक्त बनाइनु नै आजको आवश्यकता हो। बजेट भाषणमा गरिएको अनुदानलाई समृद्धि, स्थायित्व र दिगोपनमा रूपान्तरण गर्न सकियो भने मात्र बजेटको सान्दर्भिकता देखिनेछ।

*(प्रतिनिधिसभाकी पूर्व सदस्य डा. सङ्ग्रौला नेपाली काङ्ग्रेसकी सहमहामन्त्री हुन्।)*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू


| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# एआई डेटा सेन्टरले बढाउँदैछ तापक्रम

काठमाडौं । टेक कम्पनीहरू कृत्रिम बुद्धिमत्ता (एआई) चलाउने पूर्वाधार निर्माण गर्न तीव्र प्रतिस्पर्धामा छन् । तर प्रमाणहरूले देखाउँछ गुगल, अमेजन र माइक्रोसफ्ट जस्ता ठुला क्लाउड सेवा प्रदायक (हाइपरस्केलर) एआईहरूले आफ्ना वरपरको जमिन पनि तताइरहेका छन् ।

क्याम्ब्रिज नेतृत्वको अनुसन्धानकर्ताहरूको एक अध्ययनअनुसार एआई डेटा सेन्टर वरपरको भूमिको सतहमा तापक्रम औसत २ डिग्री सेल्सियस (३.६ डिग्री फरेनहाइट) ले बढ्छ । केही क्षेत्रमा यो वृद्धि ९ डिग्री सेल्सियस (१६.२ डिग्री फरेनहाइट) सम्म पुगेको पाइएको छ ।

अनुसन्धानकर्ताहरूले यसलाई ‘डेटा हिट आइल्यान्ड इफेक्ट’ भनेका छन् । त्यसो भए यो प्रभावले के जनाउँछ ? एआई डेटा सेन्टरहरू कहाँ केन्द्रित छन् ? र, ती संरचनाहरू नजिक बस्ने मानिसहरूमा यसको असर के हुन्छ ?



*एआई डेटा सेन्टरले कति ऊर्जा प्रयोग गर्छन् ?*

हरेक पटक कुनै व्यक्तिले च्याटजीपीटी, जेमिनी, वा क्लाउड प्रयोग गर्दा तिनको अनुरोध डेटा सेन्टरमार्फत प्रशोधन हुन्छ । र, त्यो डेटा सेन्टर २४ घण्टा चल्ने विशेष कम्प्युटरहरूले भरिएको विशाल सुविधा हो ।

एआई डेटा सेन्टरहरूले हजारौं गणना एकैसाथ गर्न सक्ने शक्तिशाली चिफहरू प्रयोग गर्छन् । अनि ठुला मोडेलहरू निरन्तर चलाउँदा सामान्य वेब सर्भरभन्दा धेरै नै ऊर्जा खपत हुन्छ ।

अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी (आईईए) का अनुसार, डेटा सेन्टरहरूले सन् २०२४ मा करिब ४१५ टेरावाट प्रति घण्टा (टिडब्लुएच) बिजुली प्रयोग गरेका थिए । यो भनेको विश्वको कुल आपूर्तिको करिब १.५ प्रतिशत हो । अनि पछिल्ला पाँच वर्षमा यो करिब १५ प्रतिशत वार्षिक दरले बढिरहेको छ । यो संख्या सन् २०३० सम्म करिब ९४५ टडब्लुएच पुग्ने अनुमान गरिएको छ ।

सबैभन्दा धेरै ऊर्जा खपत गर्नेमा हाइपरस्केल डेटा सेन्टरहरू पर्छन् । यी ठुला संरचनाहरू प्रमुख टेक कम्पनीहरूले क्लाउड कम्प्युटिङ र एआईलाई विश्वव्यापी स्तरमा सञ्चालन गर्न निर्माण गर्छन् । आईबिएमका अनुसार, यस्ता सेन्टरहरूमा सामान्यतया कम्तीमा ५,००० सर्भर हुन्छन् र कम्तीमा १०,००० वर्ग फिट (९३० वर्ग मिटर) क्षेत्र ओगट्छन् ।

हाइपरस्केल डेटा सेन्टरहरूलाई सञ्चालन गर्न सामान्यतया १०० देखि ३०० मेगावाट बिजुली निरन्तर रूपमा आवश्यक पर्छ । यो भनेको सयौं हजार घरहरूलाई पर्याप्त हुने विद्युत् आपूर्ति हो ।

त्यसैगरि, यो ऊर्जाले ठुलो मात्रामा गर्मी उत्पादन गर्छ, जसलाई व्यवस्थापन गर्न उन्नत लिक्विड कूलिङ प्रणाली प्रयोग गरिन्छ । यस प्रणलीले ठुलो मात्रामा पानी खपत गर्छ ।

यूके सरकारको डिजिटल सस्टेनेबिलिटी सल्लाहकार निकायको प्रतिवेदन अनुसार, १०० मेगावाट क्षमताको एक हाइपरस्केल डेटा सेन्टरले वार्षिक करिब २.५ अर्ब लिटर (६६० मिलियन ग्यालन) पानी प्रयोग गर्न सक्छ । र, यो भनेको ८०,००० मानिसहरूको वार्षिक आवश्यकता पुरा गर्ने पानीको मात्रा हो ।

*डेटा सेन्टर निर्माणको तीव्र वृद्धि*

एआई डेटा सेन्टर निर्माण विश्वव्यापी रूपमा अभूतपूर्व गतिमा विस्तार भइरहेको छ । सन् २०२६ जुनसम्म विश्वभर ११,६०० भन्दा बढी डेटा सेन्टर सञ्चालनमा छन् । डाटा सेन्टर म्यापका अनुसार सबैभन्दा धेरै डेटा सेन्टर संयुक्त राज्य अमेरिकामा छन्, जहाँ ४,३०० भन्दा बढी छन् ।

युरोप दोस्रो ठुलो केन्द्र हो । त्यसमा पनि बेलायत अगाडि छ । त्यहाँ ५४० भन्दा बढी डाटा सेन्टर छन् र मुख्य रूपमा लन्डन वरपर केन्द्रित छन् । त्यसपछि जर्मनीमा ५२० भन्दा बढी र फ्रान्स ३९० भन्दा बढी छन् ।

एसियामा चीनमा ३६० भन्दा अधिक र भारत ३०० भन्दा ज्यादा छन् । दक्षिण-पूर्वी एसिया तीव्र रूपमा विस्तार भइरहेको क्षेत्र हो र यस क्षेत्रलाई क्लाउड तथा डेटा सेन्टर क्षमताको सबैभन्दा छिटो आकासिने बजारमध्ये एक मानिन्छ ।

सिनर्जी रिसर्च ग्रुपका अनुसार, विश्वभर हाइपरस्केल डेटा सेन्टरहरूको संख्या सन् २०२१ यता झण्डै दोब्बर भएको छ । यो ७०० बाट बढेर १,२९७ पुगेको छ ।

*एआई डेटा सेन्टरले कति तातो उत्पादन गर्छ ?*

क्याम्ब्रिज, नानयाङ टेक्नोलोजिकल युनिभर्सिटी लगायतका अनुसन्धानकर्ताहरूको अध्ययन अनुसार, एआई डेटा सेन्टर सञ्चालनमा आएपछि वरपरको जमिनको सतहमा तापक्रम औसत २ डिग्री सेल्सियस (३.६ डिग्री फरेनहाइट) ले बढ्छ, र यसको प्रभाव १० किलोमिटर (६ माइल) टाढासम्म महसुस गर्न सकिन्छ ।

यसको प्रभाव ‘अर्बन हिट आइल्यान्ड इफेक्ट’ जस्तै हुन्छ । मानव गतिविधिको केन्द्रित प्रभावले सहरहरू वरपरका ग्रामीण क्षेत्रभन्दा बढी तातो हुन्छन् ।

नासाको उपग्रह तथ्यांक प्रयोग गरेर अनुसन्धानकर्ताहरूले सन् २००४ देखि २०२४ सम्म विश्वव्यापी जमिनको सतहको तापक्रम मापन गरे र ११,००० भन्दा बढी एआई डेटा सेन्टर स्थानसँग तुलना गरे । अध्ययनले घना जनसङ्ख्या नभएका क्षेत्रका ६,७३३ सेन्टरहरूमा ध्यान केन्द्रित गर्दै, प्रत्येक सेन्टर खुलेपछि पाँच वर्षको तापक्रमको उचरचढाव तुलना गरिएको थियो ।

अध्ययनमा तापक्रम वृद्धि ०.३ डिग्री सेल्सियस (०.५४ डिग्री फरेनहाइट) देखि ९.१ डिग्री सेल्सियस (१६.३८ डिग्री फरेनहाइट) सम्म पाइएको थियो ।

अध्ययनले १० किलोमिटर भित्र बस्ने ३४ करोडभन्दा बढी मानिसहरू यस तापक्रम वृद्धिबाट प्रभावित हुन सक्ने देखाएको छ । अनुसन्धानकर्ताहरूले यसलाई समुदाय र क्षेत्रीय स्तरमा ‘उल्लेखनीय प्रभाव’ भएको भन्दै वातावरणमैत्री एआईबारे विश्वव्यापी छलफलमा यसलाई समावेश गर्नुपर्ने बताएका छन् ।

*तपाईंले कति टाढासम्म तातो महसुस गर्न सक्नुहुन्छ ?*

धेरैजसो डेटा सेन्टरहरू घना बस्तीबाट टाढा औद्योगिक क्षेत्रमा हुन्छन्, तर तिनीहरूको अतिरिक्त तातोले स्थानीय ‘डेटा हिट आइल्यान्ड’ सिर्जना गर्न सक्छ, जुन १० किलोमिटर (६ माइल) टाढासम्म पनि मापन गर्न सकिन्छ ।

यसले नजिकका समुदायमा स्वास्थ्य, ऊर्जाको माग र समग्र जीवनस्तरमा अतिरिक्त दबाब पार्न सक्छ ।

*५.३ ट्रिलियन डलरको पुँजी खर्च*

गोल्डम्यान स्याक्सका अनुसार, सन् २०२५ देखि २०३० सम्म चार ठुला हाइपरस्केलरहरू (माइक्रोसफ्ट, अमेजन, अल्फाबेट र मेटा)ले संयुक्त रूपमा ५.३ ट्रिलियन डलर पुँजी खर्च गर्ने अपेक्षा गरिएको छ ।

आगामी मुख्य परियोजनाहरूमा निम्न पर्छन् : १) मेटाको २७ अर्ब डलरको हाइपरियन क्याम्पस (लुइसियाना) २) माइक्रोसफ्टको २० अर्ब डलरको डेटा सेन्टर विस्तार (विस्कन्सिन) ३) अमेजनको २५ अर्ब डलरको डेटा सेन्टर लगानी (मिसिसिपी) ४) गुगलको १५ अर्ब डलरको हाइपरस्केल क्याम्पस ‘प्रोजेक्ट स्पेड’ (न्यू फ्लोरेन्स, मिसौरी) ५) ओरेकलको ‘प्रोजेक्ट स्टारगेट’ अन्तर्गतको एबिलिन, टेक्सासमा ओपनएआईका लागि विशाल एआई सुपरक्लस्टर, जसको कुल क्षमता १.२ गिगावाटदेखि २ गिगावाटसम्म छ । साभारः रातोपाटीडटकम

## महन्थ......

कुनै औपचारिक वा लिखित प्रमाण उपलब्ध गराइएन ।

दासले पछि महन्थ पदलाई लिएर जग्गाको विषयमा ‘बार्गेनिङ’ भएको आरोप लगाउँदै आफूले जग्गा दिन अस्वीकार गरेपछि आफ्नो दाजु विनोद दासलाई अगाडि सारिएको बताए ।

उनले जानकी मन्दिरका महन्थ रामरोशन दास, तत्कालीन वडाध्यक्ष जानकीराम साह तथा विनोद दासविरुद्ध जालसाजीको मुद्दासमेत दायर गरेको जानकारी दिए । तर प्रतिवादी पक्षले आवश्यक कागजात मिलाएर विनोद दासलाई एकल उत्तराधिकारीका रूपमा स्थापित गर्न सफल भएको र अदालतबाट पनि सोही पक्षमा फैसला भएको उनको आरोप छ ।“अदालतको फैसला पनि मेरो पक्षमा आएन । त्यसकारण म अन्यायमा परेको महसुस गरेको छु,” दासले भने ।

## बर्दिबास........

तर माइती पक्ष तथा स्थानीयले फरार रहेका सासु र ससुरालाई पक्राउ नगरिएसम्म शव उठाउन तथा मुचुल्का गर्न नदिने अडान लिएका छन्। यस कारण घटनास्थलको अवस्था अझै पूर्ण रूपमा सामान्य हुन सकेको छैन।वडाध्यक्ष रामकिशोर साहले घटनाले गम्भीर प्रश्न खडा गरेको बताउँदै अवस्था सामान्य बनाउन सबै पक्षसँग समन्वय भइरहेको जानकारी दिए।

स्थानीयका अनुसार रिङ्कुकुमारीलाई श्रीमान्ले करिब एक वर्षअघि दोस्रो विवाह गरेपछि मानसिक तथा शारीरिक यातना दिँदै आएको आरोप छ। यही कारण परिवारमा विवाद बढेको र विरोध गरेपछि हत्या गरिएको माइती पक्षको दाबी छ। यद्यपि प्रहरीले घटनाबारे विस्तृत अनुसन्धान भइरहेको जनाएको छ।

## ट्रान्सफर्मर.....

बजे बीआर ०१ इके ४०२४ नम्बरको कार नियन्त्रणमा लिइएको हो। उनका अनुसार खेत सिँचाइका लागि जडान गरिएको ट्रान्सफर्मर पोलबाट तल खसालिएको अवस्थामा फेला परेको थियो। नियमित गस्तीका क्रममा उक्त अवस्था देखिएपछि ट्रान्सफर्मर चोरीको प्रयास भएको हुनसक्ने आशङ्कामा प्रहरीले खोजतलास थालेको थियो।

सो क्रममा घटनास्थल नजिकै बेवारिसे अवस्थामा रहेको भारतीय नम्बर प्लेटको कार फेला परेको र नियन्त्रणमा लिएर जाँच गर्दा ट्रान्सफर्मर चोरीमा प्रयोग हुने विभिन्न सामग्री बरामद गरिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार कारको डिक्कीबाट ट्रान्सफर्मरभित्र प्रयोग हुने तामाको तार, ट्रान्सफर्मरको तेल, काठका टुक्रा तथा ट्रान्सफर्मर खोल्न प्रयोग गरिने विभिन्न साइजका औजार बरामद भएका छन्।त्यसैगरी कारभित्र नेपाल टेलिकम (एनटिसी) को सिम प्रयोग भएको मोबाइल फोन, विक्कीकुमार साह सोनार नाममा जारी सवारी चालक अनुमतिपत्र तथा विभिन्न मितिका भन्सारसम्बन्धी कागजातसमेत फेला परेको प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको तथा कारसँग सम्बन्धित व्यक्तिको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ।

गर्मीबाट बचौं, स्वास्थ्य जोगाऔं !
अत्यधिक गर्मीमा सावधानी अपनाऔं

तातो मौसममा लापरवाहीले चक्कर आउने, बेहोस हुने, डिहाइड्रेसन, हीट एक्सहस्टन र हीट स्ट्रोकजस्ता समस्या हुन सक्छन्। विशेष गरी बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला र दीर्घरोगीहरू बढी जोखिममा हुन्छन्।

*प्रशस्त पानी पिउनुहोस्*
तिर्खा नलागे पनि पटक-पटक पानी, जुस, झोलिलो खाना वा ओआरएस सेवन गर्नुहोस्। अत्यधिक चिनी वा मदिरायुक्त पेयबाट टाढा रहनुहोस्।

*हल्का कपडा लगाउनुहोस्*
सूती तथा हल्का रङका कपडा, टोपी वा छाता प्रयोग गर्नुहोस्।

*घाममा कम निस्कनुहोस्*
विशेषगरी दिउँसो ११ बजेदेखि ४ बजेसम्मको कडा घामबाट जोगिनुहोस्। आवश्यक परे छायाँमा विश्राम लिनुहोस्।

*पौष्टिक र झोलिलो खाना खानुहोस्*
फलफूल, सागसब्जी, दही, जाउलो, सातुजस्ता हल्का तथा पोषिलो खाना उपयोगी हुन्छन्।

*घर र कार्यस्थल चिसो राख्नुहोस्*
झ्याल-ढोका खोलेर हावा चल्ने व्यवस्था गर्नुहोस्, पर्दा प्रयोग गर्नुहोस् र सम्भव भए पंखा वा कुलरको सुरक्षित प्रयोग गर्नुहोस्।

*यी लक्षण देखिए तुरुन्त सावधानी अपनाउनुहोस्*
अत्यधिक पसिना आउने, कमजोरी, चक्कर लाग्ने, टाउको दुख्ने, वाकवाकी लाग्ने, शरीर धेरै तातो हुने वा बेहोस हुने। यस्तो भए व्यक्तिलाई चिसो स्थानमा सार्नुहोस्, पानी पिलाउनुहोस् र आवश्यक परे स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस्।

*सावधानी अपनाऔं, गर्मीबाट सुरक्षित रहौं।*
स्वस्थ नागरिक, सुरक्षित समाज

मिथिला बिहारीनगर
पालिकाको कार्यालय
धनुषा मधेश प्रदेश

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# काभ्रे बस दुर्घटनाका ८ मृतकको सनाखत



दैनिक समाचारदाता
काभ्रेपलाञ्चोक ३० जेठ। बीपी राजमार्गअन्तर्गत नमोबुद्ध नगरपालिका-२ बुच्चाकोटमा भएको बस दुर्घटनामा मृत्यु भएका आठै जनाको सनाखत भएको छ।

जिल्ला प्रहरी कार्यालय काभ्रेका सूचना अधिकारी डीएसपी रविन विष्टका अनुसार दुर्घटनामा रोशी गाउँपालिका-६ का ७३ वर्षीय मेघबहादुर तामाङ, ५५ वर्षीय राजु तामाङ र ७५ वर्षीय इन्द्रबहादुर तामाङको मृत्यु भएको छ। मृतक इन्द्रबहादुर उक्त बसका साहुसमेत रहेको प्रहरीले जनाएको छ।

त्यस्तै, रोशी गाउँपालिका-७ की ३४ वर्षीया फुलमाया तामाङ, ६० वर्षीया माया लामा तथा रोशी गाउँपालिका-८ की ६० वर्षीया प्यारीमाया तामाङको पनि दुर्घटनामा ज्यान गएको छ।

प्रहरीका अनुसार दैलेख घर भई हाल नेपाली सेनामा अमल्दार पदमा कार्यरत ३० वर्षीय बमबहादुर भण्डारी र सिन्धुलीको घ्याङलेख गाउँपालिका-४ की २२ वर्षीया सुमी लामाको समेत मृत्यु भएको छ।

दुर्घटनामा घाइते भएकाहरूको धुलिखेल अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

बनेपाबाट रोशी गाउँपालिका-८ खार्पाचोक हुँदै सुँगुरेतर्फ जाँदै गरेको बा ३ ख ८३९८ नम्बरको यात्रुवाहक बस बीपी राजमार्गमा दुर्घटनाग्रस्त भएको थियो।

घटनाबारे थप अनुसन्धान भइरहेको तथा मृतकका आफन्तसँग सम्पर्क गरी आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ।

## छानबिन गर्न समिति गठन

बनेपा,३० जेठ। बीपी राजमार्गअन्तर्गत नमोबुद्ध नगरपालिका-२ सेल्फीडाँडामा शुक्रबार भएको बस दुर्घटनाको छानबिन गर्न नेपाल प्रहरीले छ सदस्यीय समिति गठन गरेको छ। प्रहरी प्रधान कार्यालयले शनिबार नेपाल प्रहरी प्रदेश कार्यालय बनेपाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक कमल थापाको संयोजकत्वमा छानबिन समिति गठन गरेको जनाएको छ।

समितिमा जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका प्रहरी नायब उपरीक्षक रबिन विष्ट, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्था कार्यालय चितवनका प्रहरी नायब उपरीक्षक गङ्गा सारु, बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाका प्रहरी निरीक्षक दिनेश खरेल, जिल्ला ट्राफिक प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका वरिष्ठ नायब निरीक्षक टङ्क सिवाकोटी ( सदस्य सचिव) तथा इलाका प्रहरी कार्यालय देविटारका प्रहरी हवलदार बासुदेव खड्का सदस्य रहेका छन्।समितिलाई दुर्घटनाको वास्तविक अवस्था, कारण तथा जिम्मेवार पक्षको पहिचान गरी सत्यतथ्य छानबिनसहित सात दिनभित्र प्रतिवेदन पेस गर्न जिम्मेवारी दिइएको छ।

दुर्घटनामा चार महिला र चार पुरुष गरी आठ जनाको घटनास्थलमै मृत्यु भएको थियो भने १६ जना घाइते भएका छन्। घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको छ। सबै घाइतेको धुलिखेल अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

## सुस्ता प्रकरणमा माओवादीको प्रदर्शन

दैनिक समाचारदाता
काठमाडौँ ३० जेठ। सुस्तामा भारतीय सीमा सुरक्षा बल ( एसएसबी) को हस्तक्षेपको विरोध गर्दै नेकपा माओवादीले शनिबार माइतीघर मण्डलामा प्रदर्शन गरेको छ।

प्रदर्शनमा सहभागीहरूले सुस्ताका देशभक्त नेपालीलाई राज्यले सम्मान गर्नुपर्ने तथा सीमा सुरक्षाप्रति सरकार गम्भीर बन्नुपर्ने माग गरेका छन्।

उनीहरूले 'सीमा अतिक्रमण बन्द गर', 'सुस्तामा भारतीय हस्तक्षेपको प्रतिरोध गरौँ' र 'भौगोलिक अखण्डताको रक्षा गरौँ' लगायतका प्लेकार्ड प्रदर्शन गरेका थिए। साथै, सीमासम्बन्धी




विषयमा दिएको अभिव्यक्तिप्रति प्रधानमन्त्रीले माफी माग्नुपर्ने माओवादीको माग छ।

शुक्रबार नवलपरासी ( पश्चिम) को सुस्ता गाउँपालिका-५ स्थित थारू टोलमा प्रवेश गरेको भारतीय एसएसबीको टोलीलाई स्थानीयवासीले प्रतिकार गर्दै फर्काएका थिए।

## भारतले सीमावर्ती क्षेत्रको जनसङ्ख्याको अवस्थाबारे अध्ययन गर्ने

दैनिक समाचारदाता
काठमाडौँ ३० जेठ। भारतका गृहमन्त्री अमित शाहले सीमावर्ती जिल्लाहरूमा भइरहेको जनसांख्यिकीय परिवर्तनको अवस्थाबारे विशेष चासो राखेका छन्।

जनसांख्यिकीय परिवर्तनसम्बन्धी एक उच्चस्तरीय बैठकको आज अध्यक्षता गर्दै मन्त्री शाहले सीमावर्ती क्षेत्रहरूमा भइरहेको जनसङ्ख्याको बनोटमा आएको परिवर्तनको वैज्ञानिक अध्ययन गर्न सम्बन्धित आयोगलाई निर्देशन दिएका हुन्। नेपाल-भारतबिच सीमा विवाद भइरहेको बेला गृहमन्त्री शाहको यस्तो निर्देशन आएको हो।

बैठकमा मन्त्री शाहले सीमावर्ती क्षेत्रमा मात्र नभई प्रमुख महानगर र औद्योगिक सहरहरूमा समेत जनसांख्यिकीय संरचनाको अवस्था जटिल बन्दै गएको भन्दै त्यसप्रति चिन्ता व्यक्त गरेको भारतीय सञ्चारमाध्यममले जनाएको छ। उनले आयोगका अधिकारीहरूलाई ती क्षेत्रहरूको यथार्थ अवस्थाको मूल्याङ्कन गरी त्यसको स्थलगत भ्रमणमा गर्न निर्देशन दिएका छन्।

आयोगले तयार गर्ने प्रतिवेदनले आउने दिनमा लिइने नीतिगत निर्णय तथा राष्ट्रिय सुरक्षाको रणनीतिमा महत्त्वपूर्ण हुने बताइएको छ। भारत सरकारले सीमा क्षेत्रमा अवैध बसाइँसराइ र जनसांख्यिकीय असन्तुलनलाई राष्ट्रिय सुरक्षासँग जोडेर हेरिरहेको छ। स्थलगत अध्ययनपश्चात् आउने प्रतिवेदनका आधारमा आगामी दिनमा थप कदम चालिने स्रोतहरुले जनाएका छन्।

भारतसँग नेपाल, बङ्गलादेश, पाकिस्तान, चीन, भुटान, अफगानिस्तान र म्यानमारको सीमा जोडिएको छ। सबैभन्दा बढी बङ्गलादेशसँग जोडिएको छ। नेपालसँग मात्र भारतको खुल्ला सीमा रहेको छ। नेपालसँग खुल्ला सीमा भएका कारण घुसपैठ हुने गरेको र नेपालका मान्छेहरू भारतमा घरजम गरेर बस्ने गरेको रिपोर्ट गरिएको छ। सोही क्रममा भारतले सीमावर्ती क्षेत्रमा अध्ययन गराउन लागेको हो।

## ठगी मुद्दामा सेफ सन्तोष साह पक्राउ




दैनिक समाचारदाता
जनकपुरधाम, ३० जेठ। ठगीसम्बन्धी मुद्दामा चर्चित सेफ सन्तोष साह पक्राउ परेका छन्। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले उनलाई जनकपुरधाम उपमहानगरपालिका-८ स्थित रामानन्द चोक क्षेत्रबाट पक्राउ गरेको हो। कार्यालयका प्रमुख एसएसपी सन्तोष खड्काका अनुसार साहविरुद्ध परेको जाहेरीका आधारमा अनुसन्धानका लागि पक्राउ गरिएको हो।

सिरहाको कर्जन्हा नगरपालिका-११ निवासी साह पछिल्लो समय विभिन्न व्यावसायिक गतिविधिमा संलग्न रहेका थिए। प्रहरीका अनुसार चितवनकी सकुन्तला थापाले साहविरुद्ध ठगीको उजुरी दिएकी थिइन्। थापाले करिब दुई वर्षअघि काठमाडौंको गैरीधारास्थित आफ्नो रेस्टुरेन्ट साहलाई २ करोड २५ लाख रुपैयाँमा बिक्री गरेको दाबी गरेकी छन्।

उनका अनुसार कारोबारको क्रममा केही रकम प्राप्त भए पनि १ करोड ५० लाख रुपैयाँभन्दा बढी रकम अझै भुक्तानी हुन बाँकी छ। बाँकी रकम माग गर्दा विभिन्न बहाना बनाएर भुक्तानी टार्दै आएको आरोप उनले लगाएकी छन्।

थापाले एक वर्षअघि साहले दिएको चेक बैंकमा प्रस्तुत गर्दा खातामा पर्याप्त रकम नभएको जानकारी प्राप्त भएको बताएकी छन्। त्यसपछि उनले कानुनी प्रक्रियाअनुसार प्रहरीमा उजुरी दिएको जनाएकी छन्।

प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ। अदालतबाट म्याद थप गरी साहमाथि ठगीसम्बन्धी कसुरमा अनुसन्धान अगाडि बढाइने प्रहरी स्रोतले जनाएको छ।

## प्रहरी हिरासतमा युवाको मृत्यु





दैनिक समाचारदाता
सुर्खेत, ३० जेठ। चोरी मुद्दामा पक्राउ परेका एक युवाको जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा मृत्यु भएको छ।

मृत्यु हुनेमा वीरेन्द्रनगर नगरपालिका-१० पिपिराका २१ वर्षीय सबीर बक्स रहेका छन्। मोबाइल चोरीसम्बन्धी मुद्दामा उनलाई जेठ २७ गते पक्राउ गरी अनुसन्धानका लागि हिरासतमा राखिएको जिल्ला प्रहरी कार्यालय सुर्खेतले जनाएको छ।जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता डीएसपी कविन्द्रसिंह बोहराका अनुसार हिरासतमा रहेका बक्सको स्वास्थ्यमा अचानक समस्या देखिएपछि शनिबार बिहान करिब साढे ४ बजे उपचारका लागि कर्णाली प्रदेश अस्पताल, कालागाउँ लगिएको थियो। तर अस्पतालले उनलाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार बक्सविरुद्ध चोरी मुद्दामा अनुसन्धान जारी रहेको अवस्थामा बुधबार अदालतबाट म्याद थप गरिएको थियो।

मृत्युको वास्तविक कारण खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ। शव परीक्षणका लागि बाँकेबाट फरेन्सिक विशेषज्ञ चिकित्सक बोलाउने प्रक्रिया भइरहेको र पोस्टमार्टम प्रतिवेदन आएपछि मात्रै मृत्युको कारणबारे यकिन जानकारी प्राप्त हुने प्रवक्ता बोहराले बताए। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४